# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

०११-४००५३६, ०११-४००५३८
Email: balephi2017@gmail.com
Website: balephimun.gov.np


**विषय : अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०८०।०१।१४

चालु आ.व. २०७९/०८० को यस कार्यालयको स्वीकृत बागमती प्रदेशको सशर्त कार्यक्रममध्ये अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) सहयोग कार्यक्रम अपाङ्गता भएका क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको साझेदारीमा सञ्चालन गर्नुपर्ने भएकाले अपाङ्गता क्षेत्रमा काम गरेका प्रचलित कानून बमोजिम प्रस्ताव पेश गरी कार्यक्रम सञ्चालन गर्न योग्य र सक्षम संस्थाहरुबाट देहायका शर्तहरुको अधिनमा रही प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

क. आवश्यक कागजात तथा शर्तहरु :

१. अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात,
२. संस्था दर्ता, नवीकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छायाँकपी,
३. समाज कल्याण परिषद्को आबद्धता प्रमाण पत्र,
४. गत बर्षको बार्षिक प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदन,
५. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात ।

ख. प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०८०।०१।२८ गते भित्र ।

ग. प्रताव छनौटका आधारहरु CBR सहयोग कार्यक्रम समन्वय तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुने ।

घ. कार्यक्रम कार्यान्वयनको लागि सञ्चालन गर्न सकिने कियाकलापहरु :

बागमती प्रदेश सामाजिक बिकास मन्त्रालयको आ.व. २०७९।०८० को स्थानीय तहमा बिनियोजित सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा सञ्चालन गर्न सकिने भनी तोकिएका कियाकलापहरुमध्येबाट यस गाउँपालिकाको CBR सहयोग कार्यक्रम समन्वय तथा अनुगमन समितिले तोकोका कियाकलापहरु ।

ङ. अपाङ्गता भएका व्यक्तिहरुलाई स्वाबलम्बी एवं स्वरोजगार बनाउने जस्ता आत्मनिर्भरता अभिबृद्धि गर्ने सम्बन्धी कार्यक्रम पेश गर्ने संस्थालाई छनौटमा प्राथमिकता दिइनेछ ।

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत